# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड २) मुसिकोट,गुल्मी, असार ५ गते,२०७५ साल (संख्याः १

# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

## विद्यालय शिक्षा संचालन, व्यवस्थापन तथा नियमनका सम्बन्धमा बनेको (प्रथम संसोधन ) नियमावली २०७५

स्थानीय शिक्षा ऐन, २०७४ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगर कार्यपालिकाले बनाएको देहाय वमोजिमको नियमावली स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# विद्यालय शिक्षा संचालन, व्यवस्थापन तथा नियमनका सम्बन्धमा बनेको (प्रथम संसोधन ) नियमावली २०७५

प्रस्तावना

मुसिकोट नगरपालिकाको शिक्षा नियमावलीलाई संसोधन गर्न वान्छनीय भएकोले स्थानीय शिक्षा ऐन, २०७४ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगरकार्यपालिकाको वैठकले शिक्षा नियमावलीलाई देहाय वमोजिम संसोधन गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** ः(१) यस नियमावलिको नाम “मुसिकोट नगरपालिकाको शिक्षा नियमावली (प्रथम संसोधन ) २०७५“ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुने छ ।

२ **परिभाषामा संसोधन** ः मुसिकोट नगरपालिकाको शिक्षा नियमावली २०७४ को नियम २ (क) को को सट्टा देहायको परिभाषा राखिएको छ ः

“(क) ऐन भन्नाले मुसिकोट नगरपालिकाको शिक्षा ऐन २०७४“ लाई सम्झनु पर्छ ।

३. **मूल नियमावलीको नियम २६ मा संसोधन** ः मुसिकोट नगरपालिकाको शिक्षा नियमावली २०७४ को नियम २६(१)(घ) को को सट्टा देहायको नियम राखिएको छ ः

(१) स्थानीय शिक्षाप्रेमी मध्येबाट नगरशिक्षा समितिले मनोनित गरेको एक जना –सदस्य

४. **मूल नियमावलीको नियम ५२ मा संसोधन**

मुसिकोट नगरपालिकाको शिक्षा नियमावली २०७४ को नियम ५२ को को सट्टा देहायको नियम राखिएको छ ः

माध्यमिक तहको प्रधानाध्यापकलाई सहयोग पु¥याउन विद्यालयमा कार्यरत माध्यमिक तहका शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिले सहायक प्रधानाध्यापक तोक्न सक्नेछ ।

प्रमाणिकरण मिति : २०७५।०३।५

आज्ञाले,
घनश्याम न्यैपाने
प्रमुख प्रशासकीय अधिकृत

**मूल्य रू १०**

मुसिकोट राजपत्र